# बेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल


## विज्ञप्ति

केही समय अगाडि यस गाँउपालिकाको वडा नं ८ स्थित नोहक गुफा निर्माण तथा व्यवस्थापन योजनामा भुक्तानी दिएको रकमको सन्दर्भमा सामाजिक सञ्जालमा आएको टिका टिप्पणी प्रति यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

बेनीघाट रोराङ गाउँपालिका वडा नं ८ अन्तर्गत पर्ने नोहक गुफासँग सम्बन्धित कार्यमा आ. व. २०७७।०७८ मा संघीय सरकारको सर्शत अनुदानबाट नोहक गुफासम्म पुग्ने पदमार्ग निर्माणका लागि रु १०,००,०००।०० (अक्षरुपी दश लाख मात्र) विनियोजन भै मिती २०७७ चैत्र २२ गते गठन भएको उपभोक्ता समिति मार्फत रु ९,७०,०००।०० (अक्षरुपी नौ लाख सत्तरी हजार मात्र) मा रु १२,१२०।०० कर कट्टी गरि निर्माण कार्यको भुक्तानी दिइएको हो ।

नोहक गुफा निर्माण तथा व्यवस्थापन कार्यक्रममा संघीय सरकारको विशेष अनुदानको रकम रु १,००,००,०००।०० (अक्षरुपी एक करोड मात्र) विनियोजन भै सो कार्यको लागि भिसान कन्स्ट्रकसन (न्युन बोलकवोल गर्ने) सगँ सम्झौता गरी मिति २०७८।०३।२६ मा रु ३६,११,३६५।०० (अक्षरुपी छत्तीस लाख एघार हजार तीन सय पैसठ्ठी रुपैया मात्र) भुक्तानी गरिएको हो। उक्त योजनाको ठेक्काबाट बचत रहेको रकम ६३,६५,६३५।०० रुपैयाँ सोही योजनाको थप कार्य गर्नका लागि मिति २०७७ पौष २६ को आठौं गाउँसभामा भएको निर्णय अनुसार उपभोक्ता समिति मार्फत थप कार्य गरेकोमा उक्त कार्यको भुक्तानीका लागि संघीय सरकारको बाँकी विशेष अनुदान रकम निकाशा नभएकोले आ. व. २०७७।०७८ मा उक्त कार्यको रकम उपभोक्ता समितिलाई मुलतः भुक्तानी गर्न नसकिएको हो । यसरी आ. व. २०७७।०७८ मा सो योजनामा भएको थप कार्यको भुक्तानी गर्न नसकी दायित्व सिर्जना भएको योजनाको रकम चालु आ. व. २०७८।०७९ मा गाँउपालिकाको आन्तरिक स्रोतबाट रकम विनियोजन गरी मिति २०७८ चैत्र ७ गते गठन भएको उपभोक्ता समिती मार्फत उक्त कार्यको रकम रु ३५,८७,०००।०० मा रु ७६,३७५।०० कर कट्टी गरी बाँकी रकम भुक्तानी गरिएको छ ।

उल्लेखित योजनाको कार्यान्वयनमा हाम्रो कुनै पनि खराब नियत नरही जनताको हितको निम्ति गरिएको गाउँपालिकाको स्पष्ट प्रष्टोक्ति छ ।

धन्यवाद ।

...........

प्रवक्ता

रोशनकुमार सिलवाल

मितिः २०७८।०८।२२